# रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम,
१ नं. प्रदेश, नेपाल

पत्र संख्या:- ०७५/७६ मिति:- २०७५/१२/२८

**पुनः प्रकाशित मितिः २०७५/१२/२८**

रोङ गाउँपालिकाको वडा न. ३ र ५ मा हुने तपशिल अनुसारको निर्माण कार्य सिलबन्दी दरभाउपत्रबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुका अधीनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पुनः आहवान गरिन्छ।

१. दरभाउपत्र e-GP को माध्यम तथा कार्यालयबाट समेत खरिद गर्न सकिने भएकोले bid document हरु मिति २०७६/०१/१२ गते कार्यालय समयभित्रमा website: www.bolpatra.gov.np/egp बाट download गर्न वा रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ। E-submission/ submission का लागि दरभाउपत्र खरिद दस्तुर वापत रु. १,०००/- (एकहजार) राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम खुलेको राजश्व दाखिला भौचर सक्कलै वा electronic bid files साथ पेश गर्नुपर्नेछ।

२. E-Bidding/Bidding document खरिद गर्नका लागि रकम जम्मा गर्न बैंकको विवरण निम्नानुसार रहेको छ। फ्याक्स, ट्रान्सफर, ई-मेल आदि मार्फत गरिने खरिद उपर कारवाही गरिनेछैन।
   बैंकको नाम :- मेगा बैंक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम।
   संचितकोष खाता नं. :- १०७००१००११५७८

३. दरभाउपत्रदाताको व्यवसाय दर्ता प्रमाण-पत्र, व्यवसाय इजाजत प्रमाण-पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.ब.२०७४/०७५ को करचुक्ताका प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

४. दरभाउपत्र फाराम मिति २०७६/०१/१३ गते दिनको १२:०० बजेभित्र e-submission/submission गर्न सकिनेछ। यसरी submit गरिएका दरभाउपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

५. दरभाउपत्र कागजात खरिद गरिने अन्तिम दिन वा दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ।

६. दरभाउपत्रसाथ मेगा बैंक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम स्थित रोङ गाउँपालिकाको धरौटी खाता न. १०७००१००११५९२ मा फर्मका नामवाट तपसीलमा उल्लेखित दरभाउपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ। सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र दरभाउपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

७. एउटा फर्मको नामवाट खरिद गरिएको दरभाउपत्र कागजात अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन।

८. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै बुझाउनु पर्नेछ।

९. अन्य विस्तृत विवरण Bid Document मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी सम्बन्धित दरभाउपत्रदाताको हुनेछ।

१०. सूचना तथा दरभाउपत्र कागजातका शर्त विपरित भएको, कुनै थपघट गरिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

११. दरभाउपत्रको परीक्षण दरभाउपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न अतिरिक्त खर्च लाग्ने भए सो बापतको सम्पूर्ण खर्च दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

डिकै प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

१२. दरभाउदाताहरुले आफनो दरभाउ दाखिला गर्नु अगावै दरभाउमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरी पेश गर्न सकिनेछ।

१३. दरभाउ दाखिला/e-submission सम्वन्धी अन्य जानकारीहरु Bid Document मा राखिएको छ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website बाट समेत हेर्न सकिनेछ।

१४. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा गाउँपालिकाको निर्णयानुसार हुनेछ।

१५. दरभाउ शर्तरहित, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराम वा सार्वजनिक खरिद अनुगमन कार्यालयको website बाट download गरिएका कागजातमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ।

१६. सिलबन्दी दरभाउपत्रका अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्नेछैन। कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण विना सबै दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकार/स्वीकृत गर्न वा अस्वीकार/अस्वीकृत गर्न वा सूचना नै रद्ध गर्न सक्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१७.थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको नं. ९८५११४८५४७/९८५२६८१९४४/९८४२७५६४३६ मा सम्पर्क गर्न वा कार्यालयको वेवसाईट www.rongmun.gov.np हेर्न सकिनेछ।

## सिलवन्दी दरभाउपत्र सम्वन्धी कार्यको विवरण

| क्र. सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | लागत अनुमान रकम रु. (कन्टीन्जेन्सी र भ्याट बाहेक) | जमानत बापत राख्नु पर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | RRM//NCB/WORK/2075/2076-3 | प्यूरे सडक स्तरोन्नती तथा नयाँ निर्माण | ८,६१,९६८।०३ | २५,०००।०० | |
| २ | RRM/NCB/WORK/2075/2076-4 | हर्कटे-जौबारी-कुवापानी-सेडलेडटार सडक | १७,२४,०१७।६५ | ५०,०००।०० | |
| ३ | RRM/NCB/WORK/2075/2076-5 | कुरुङ्खोला-वडा कार्यालय-रोड रोड जोडने सडक | १२,८७,४७४।८१ | ३५,०००।०० | |

डिक प्रसाद दोहाल
प्रमुख प्रशासकीय अधिकृत